(मस्यौदा प्रति)

बागमती प्रदेश सरकार

# पर्यटन पूर्वाधार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना:** बागमती प्रदेश सरकार तथा निजी क्षेत्रको लगानीमा निर्माण भएका पर्यटन पूर्वाधारहरुको प्रभावकारी संचालन, दिगो व्यवस्थापन एवम् समुचित उपयोगका लागि हस्तान्तरण गरी प्राप्त आम्दानीको उचित बाँडफाँट तथा नियमन गर्ने व्यवस्थाका लागि वान्छनीय भएकोले,

प्रदेश पर्यटन ऐन, २०७८,को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "पर्यटन पूर्वाधार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "अनुगमन" भन्नाले पर्यटन पूर्वाधार वा सम्पदा निर्माण, प्रयोग, संरक्षण सञ्चालन तथा व्यवस्थापनका लागि हस्तान्तरित पूर्वाधार वा सम्पदा निर्धारित शर्त अनुरुप व्यवस्थापन भए नभएको विषयमा मन्त्रालयबाट गरिने जाँचबुझ, सूचना सङ्कलन, विश्लेषण, सुधारात्मक कार्य, समन्वय र सहजीकरण समतेलाई सम्झनु पर्छ।

(ख) "आय" भन्नाले पर्यटन पूर्वाधार र सम्पदाको सेवा वा उपयोगबाट प्राप्त हुने शुल्क वा आम्दनीलाई सम्झनु पर्छ।

(ग) "निजी क्षेत्र" भन्नाले सरकारी क्षेत्र वाहेकका अन्य क्षेत्र सम्झनु पर्छ।

(घ) समिति भन्नाले दफा ८ वमोजिम गठन भएको सिफारिश समिति सम्झनु पर्छ।

(ङ) "निर्देशन" भन्नाले अध्ययन, अनुगमन वा प्रतिवेदनका आधारमा मन्त्रालयले समिति वा संस्थालाई दिने सुधारात्मक कार्य, सुझाव र सहजीकरण गर्ने कार्यलाई सम्झनु पर्छ।

(च) "पर्यटन पूर्वाधार" भन्नाले बागमती प्रदेश सरकार तथा निजी क्षेत्रको सहकार्यमा निर्माण भएका तथा हुने पर्यटकीय भौतिक संरचना, पार्क, मनोरन्जन पार्क, केवलकार, जिपलाइन, बञ्जी, सभाहल, खेल मैदान, खुला मैदान, पदयात्रा मार्ग, पोखरी, ताल तलैया, मनोरम स्थल, सङ्ग्राहलय, साँस्कृतिक, धार्मिक पुर्वाधार साथै मन्त्रालयले तोकेको अन्य संरचनालाई समेत सम्झनु पर्दछ।

(छ) "आयोजना" भन्नाले संस्कृति तथा पर्यटन मन्त्रालय अन्तर्गतको बागमती प्रदेशको पर्यटन विकास आयोजना सम्झनु पर्छ।

(ज) "पर्यटन सम्पदा" भन्नाले प्रदेश भित्रका जैविक, प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, गढी लगायतका सम्पदा र सो क्षेत्रले ओगटेको परिसरलाई समेत सम्झनु पर्छ।

(झ) "प्रतिवेदन" भन्नाले समिति वा संस्थाका तर्फबाट विभिन्न कार्य प्रगति सहित विभिन्न समयमा मन्त्रालयमा पेस गर्नुपर्ने प्रतिवेदनलाई सम्झनु पर्छ।

(ञ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले संस्कृति तथा पर्यटन मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ।

(ठ) "शुल्क निर्धारण समिति" भन्नाले दफा ५ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ड) "समिति वा संस्था" भन्नाले पर्यटन पूर्वाधार वा सम्पदाको हेरचाह, संरक्षण, सम्वर्द्धन तथा सञ्चालनका लागि गठित समिति वा संस्था एवम् यस प्रकृतिको काम गर्ने सामुदायिक विद्यालय र सामुदायिक वन उपभोक्ता समुह समेतलाई सम्झनु पर्छ।

(ढ) "साझेदार" भन्नाले पर्यटन पूर्वाधार निर्माण, संरक्षण, विकास, सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालयसंग सहकार्य गर्ने सरकारी निकाय, गैरसरकारी संस्था, सार्वजनिक निकाय, सामुदायिक वा निजीक्षेत्र समेतलाई सम्झनु पर्छ।

(ण) "स्थानीय तह" भन्नाले गाँउपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२

## पर्यटन पूर्वाधार निर्माण एवम् हस्तान्तरण सम्बन्धी

३. पूर्वाधार निर्माणमा साझेदारी: (१) प्रदेश सरकारले धार्मिक, साँस्कृतिक तथा पर्यटन क्षेत्रको विकासका लागि पूर्वाधारको निर्माण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पूर्वाधार निर्माण प्रदेश सरकारले आफ्नै लगानीमा वा स्थानीय तह वा निजी क्षेत्रको साझेदारीमा गर्न सक्नेछ।

(३) उपदफा (१) वमोजिम निजी क्षेत्रबाट साझेदारीमा निर्माण हुने पर्यटकीय पूर्वाधारको लागि आवश्यक पर्ने सरकारी वा निजी जग्गा प्राप्ति गर्ने कार्यमा मन्त्रालयले समन्वय तथा सहजीकरण गर्नेछ ।

(४) निर्माण भएका संरचनाको संरक्षण र सम्वर्द्धन कार्य निश्चित शर्तका अधिनमा रही साझेदार संस्था वा निकायलाई संलग्न गराउन सकिनेछ।

तर डिजाइन तथा निर्माण (डिजाइन एण्ड विल्ड) को ढाँचामा साझेदारी गर्दा डिजाइन तथा संरचना पर्यटन विकास आयोजनाको सिफारिसमा मन्त्रालयले स्वीकृति गर्नेछ।

(५) मन्त्रालयले संघीय सरकार तथा स्थानीय तहसंग लागत साझेदारीका आधारमा पर्यटन पूर्वाधार निर्माण, संरक्षण र विकासका लागि आवश्यक सहकार्य गर्न सक्नेछ।

४. पूर्वाधार हस्तान्तरण: (१) प्रदेश सरकारले आफ्नै लगानीमा निर्माण गरेका पर्यटन पूर्वाधारलाई आफै सञ्चालन वा निजी क्षेत्रलाई लिजमा दिन वा स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ।

(२) मन्त्रालयले प्रदेश भित्र निर्माण, संरक्षण र विकास गरिरहेको पर्यटन पूर्वाधारहरुको सम्पदा संरक्षण सञ्चालन र व्यवस्थापनका लागि स्थानीय तह, निजी क्षेत्र,

समिति वा संस्थालाई निश्चित शर्तका आधारमा व्यवस्थापन तथा सञ्चालनका लागि हस्तान्तरण गर्न सक्नेछ तर जग्गाको स्वामित्व हस्तान्तरण गरिने छैन्।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले आयोजना मार्फत निर्माण गरेका पूर्वाधार दुई करोड रुपैयाँभन्दा कमका आयोजनाहरु र धार्मिक तथा साँस्कृतिक प्रयोजनका लागि निर्माण गरिएका संरचनाहरु स्थानिय तह संग समन्वय गरी हस्तान्तरण गरिनेछ।

५. <u>हस्तान्तरण प्रक्रिया:</u> (१) सामुदायिक वन र सामुदायिक विद्यालय क्षेत्र बाहेकका क्षेत्रमा निर्मित पर्यटन पूर्वाधार वा सम्पदा सञ्चालन तथा व्यवस्थापनका लागि पर्यटन पूर्वाधारहरुलाई दफा ८ बमोजिम गठित समितिको सिफारिस बमोजिम मन्त्रालयले स्थानिय तहलाई हस्तान्तरण गर्नेछ।

तर स्थानिय तहले पूर्वाधारहरु हस्तान्तरण गरी लिन नचाहेको व्यहोराको मन्त्रालयलाई लिखित जानकारी गराएमा निजी क्षेत्रबाट प्रस्ताव आह्वान गर्न सकिने छ।

(२) उपदफा (१) बमोजिम स्थानिय तहले हस्तान्तरण गरी लिन नचाहेका पूर्वाधारहरु सार्वजनिक खरिद ऐन, नियम र प्रदेश सार्वजनिक खरिद नियमावली अनुसारको प्रकृया अगाडी वढाईने छ।

६. <u>हस्तान्तरण सम्झौता:</u> (१) दफा ५ वमोजिम समितिको सिफारिसको आधारमा छनोट भएका पूर्वाधार वा सम्पदा आयोजनाले स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम आयोजनाबाट स्वीकृतिका लागि मन्त्रालयमा पेस हुन आएको पूर्वाधार वा सम्पदाको हस्तान्तरण एवम् व्यवस्थापन र सञ्चालन सम्बन्धी लिज मन्त्रालयले स्वीकृत गर्न सक्नेछ। स्वीकृत पूर्वाधार वा सम्पदाको अनुसूची-१ बमोजिमको ढाँचामा सम्झौता गरी सञ्चालन तथा व्यवस्थापनको कार्यदिश पर्यटन विकास आयोजनाले दिनेछ।

(३) लिज सम्झौता गर्दा वढीमा दश वर्षको अवधिका लागि गर्न सक्नेछ।

(४) दफा (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी क्षेत्रलाई लिजमा दिइनेछ, हस्तान्तरण गरिने छैन्।

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

७. **सञ्चालन र व्यवस्थापनका शर्तः** (१) पर्यटन पूर्वाधार वा सम्पदाको उपयोग र गर्दा यसको मौलिकतामा कुनैपनि ह्रास वा क्षति नहुने सावधानीका उपायहरु अवलम्वन गर्नुपर्ने छ।

(२) पर्यटन पूर्वाधार वा पर्यटन सम्पदाको सेवा सञ्चालन गर्दा उत्पन्न हुने फोहरमैला तथा विकार पर्दाथको व्यवस्थापनका लागि पूर्व वातावरणीय सुरक्षा उपाय (प्रि इन्भाइरोनमेन्टल सेफगार्ड)मा ध्यान दिनु पर्नेछ।

(३) स्थानीय तह वा समिति वा संस्थाले सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त गरेको पर्यटन पूर्वाधार वा पर्यटन सम्पदालाई सम्झौतामा उल्लेख भएको प्रयोजन बाहेकको कार्यमा प्रयोग गर्न पाउने छैन्।

## परिच्छेद-४
## हस्तान्तरण तथा आम्दानी सिफारिस समिति

८. **समिति गठनः** (१) पर्यटन पूर्वाधार वा सम्पदा हस्तान्तरण गर्न र सो बापतको आम्दानी बाँडफाँट गर्नका लागि देहाय बमोजिमको एक समिति रहने छः-

(क) योजना तथा अनुगमन महाशाखा प्रमुख, संस्कृति तथा पर्यटन मन्त्रालय -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत/अधिकृत प्रतिनिधि सम्वन्धित स्थानिय तह -सदस्य

(ग) सम्वन्धित जिल्लाको जि.स.स.को जिल्ला समन्वय अधिकारी -सदस्य

(घ) आयोज़ना प्रमुख पर्यटन विकास कार्यालय -सदस्य सचिव

९. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित स्थानीय तह र सरोकारवालासँग छलफल, समन्वय र सहकार्य गर्ने,

(ख) सम्झौताका सर्तहरु निर्धारण गरी आयोजनालाई सिफारिस गर्ने,

(ग) पर्यट्कीय भौतिक संरचना प्रयोग गर्न दिंदा न्यूनत्तम मुल्याङ्कन रकम निर्धारण गर्ने,

(घ)स्थानिय तहले हस्तान्तरण गरी लिन नचाहेको पूर्वाधारको हकमा आयोजनामा सिफारिस गर्ने।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

(३) समितिले आवश्यकता अनुसार विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१०. <u>हस्तान्तरण र स्रोत बाँडफाँटको आधार:</u> (१) स्थानीय तह, समिति वा संस्थालाई पूर्वाधार हस्तान्तरण गर्दा र सो बापतको स्रोत वाँडफाँट गर्दा देहायका कुरालाई आधार मान्नु पर्नेछ।

(क) पर्यटन पूर्वाधार वा सम्पदाको अवस्था, स्थान र पहुँच

(ख) पर्यट्कको आगमन

(ग) भौतिक पूर्वाधार वा सम्पदामा भएको लगानी

(घ) स्थानिय तहको आम्दानी

(२) दफा ६ बमोजिम हस्तान्तरण हुने संरचनाबाट प्राप्त आम्दानीको कम्तिमा पच्चिस प्रतिशत रकम प्रदेश सरकारको कोषमा त्रैमासिक रुपमा रकम जम्मा गर्नु पर्नेछ।

(३) हस्तान्तरण भएपछि आम्दानी गरेको पहिलो त्रैमासिकको रकम तिर्ने समय आपसी सम्झौताको आधारमा निर्धारण हुनेछ।

(४) सम्बन्धित स्थानीय तहमा हस्तान्तरित संरचनाबाट सम्झौता भएको मितिले छ महिना भित्रमा आम्दनी गर्ने गरी कार्य अगाडी बढाउनु पर्नेछ तर त्यसरी हुन नसकेमा हस्तान्तरण सम्झौतामाथि मन्त्रालयले पुनर्विचार गर्न सक्नेछ।

११. <u>आय संङ्कलन सम्वन्धि अन्य व्यवस्था:</u> (१) पर्यटन पूर्वाधार वा सम्पदा परिसरमा लाग्ने शुल्क र प्रवेश शुल्क स्थानिय तहले तोके बमोजिम र निजी क्षेत्रको हकमा स्थानिय तहसँग समन्वय गरी शुल्क निर्धारण गर्न सक्नेछ।

(२) पूर्वाधारको सेवा शुल्कबाट प्राप्त रकमको कम्तीमा दश प्रतिशत पर्यटन पूर्वाधार वा सम्पदाको संरक्षण, प्रवर्द्धन र विकासका लागि खर्च गर्नु पर्नेछ।

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

१२. <u>आयोजनाको कार्य जिम्मेवारी:</u> पर्यटन पूर्वाधार वा सम्पदा हस्तान्तरण गर्दा वा लिजमा दिंदा पर्यटन विकास आयोजनाको कार्य जिम्मेवारी देहाय बमोजिमको हुनेछः

(क) हस्तान्तरण हुने पूर्वाधार वा सम्पदाको तथ्याङ्क संकलन गर्ने,

(ख) सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गरी पत्राचार गर्ने,

(ग) हस्तान्तरण हुने पूर्वाधार वा सम्पदाको प्रक्रिया अगाढी बढाउन समितिमा पेस गर्ने,

(घ) समितिको सिफारिससाथ अनुसूचि-२ बमोजिमका कागजात संलग्न राखी स्वीकृतिका लागि मन्त्रालय समक्ष पेस गर्ने

(ङ) लिजमा दिनु पर्ने पूर्वाधार वा सम्पदाको प्रस्ताव माग गर्ने, मूल्याङ्कन गर्ने र स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्ने

(च) मन्त्रालयबाट स्वीकृत भएका पूर्वाधार वा सम्पदाको सम्झौता सम्बन्धी कार्य गर्ने

## परिच्छेद-५
## <u>विविध</u>

१३. <u>प्रतिवेदन पेस गर्ने:</u> पर्यटन पूर्वाधार सञ्चालन व्यवस्थापन वा संरक्षण सम्बन्धी कार्यको बार्षिक प्रतिवेदन आयोजनामा आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र पेस गर्नु पर्नेछ ।

१४. <u>अनुगमन तथा मुल्याङ्कन गर्ने:</u> (१) हस्तान्तरित पर्यटन पूर्वाधार वा सम्पदाको सञ्चालन, व्यवस्थापन संरक्षण, प्रवर्द्धन सम्बन्धी कार्य भए नभएको यकिन गर्न मन्त्रालयले अनुगमन तथा मुल्याङ्कन गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिकको कार्य पश्चात अनुगमन कर्ताले पन्ध्र दिनभित्र मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) अनुगमनकर्ताले पेस गरेको प्रतिवेदनलाई अध्ययन गरी मन्त्रालयले सम्बन्धित स्थानीय तह वा समिति वा संस्थालाई आवश्यक पृष्ठपोषण तथा निर्देशन दिन सक्नेछ।

१५. <u>पूर्वाधरको स्तरोन्नती तथा पूनर्निर्माण</u>: (१) पर्यटन पूर्वाधार वा सम्पदाको स्तरोन्नती तथा पूनर्निर्माणका लागि मन्त्रालयले आवश्यकताको आधारमा थप कार्य गर्न सक्नेछ ।

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

(२) हस्तान्तरण वा लिजमा दिएका पूर्वाधारको स्तरोन्नती, पूनर्निर्माण वा स्वरुप परिवर्तन लगायतका कार्य गर्नु पूर्व मन्त्रालयको सहमति लिनु पर्नेछ ।

१६. <u>अभिलेखीकरणः</u> मन्त्रालयले प्रदेश भित्रका पर्यटन पूर्वाधार वा सम्पदाको विवरण सहितको अन्य जानकारीहरु उल्लेख गरी व्यवस्थित अभिलेख र डिजिटल अर्काइभ राख्ने छ।

१७. <u>लेखा परीक्षणः</u> (१) पर्यटन पूर्वाधार वा सम्पदा सञ्चालनको क्रममा हुने आम्दानी खर्चको लेखा राख्ने र सोको नियमित लेखापरीक्षण गराउने व्यवस्था सम्बन्धित स्थानीय तह वा समिति वा संस्थाले गर्नु पर्नेछ।

१८. <u>बाधा अड्काउ फुकाउने अधिकारः</u> यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा कार्यविधिको मर्म विपरीत नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-१

**(दफा ६ संग सम्बन्धित)**

**वागमति प्रदेश सरकार**

संस्कृति तथा पर्यटन मन्त्रालय

बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालय, हेटौडा (यस पछि प्रथम पक्ष भनिएको) र जिल्ला ............. गाउँपालिका /नगरपालिका /उप-महानगरपालिका /महानगरपालिकाको .................. ............................ (यस पछि प्रथम पक्ष भनिएको) विच प्रदेश भित्रका पर्यटन पूर्वाधार वा सम्पदाको सञ्चालन तथा संरक्षणका लागि तपसिलका शर्तका आधारमा यो सम्झौता गरिएको छ।

तपसिल

१. पर्यटन पूर्वाधार वा सम्पदाको नाम :

२. पर्यटन पूर्वाधार वा सम्पदाको पालिका : वडा : टोल :

३. पर्यटन पूर्वाधार वा सम्पदाको प्रकृति : क्षेत्रफल :

४. पर्यटन पूर्वाधार वा सम्पदाको सञ्चालन तथा व्यवस्थापनको अवधि ...........बर्षको हुनेछ ।

५. पर्यटन पूर्वाधार वा सम्पदाको सञ्चालन, उपयोग वा सेवा लिएवापत दोस्रो पक्षले प्रथम पक्षलाई त्रैमासिक रुपमा रु ..........................अक्षरुपि .......................बुझाउनु पर्नेछ ।

६. दोस्रो पक्षले जुन प्रयोजनका लागि प्रथम पक्षबाट पर्यटन पूर्वाधार वा सम्पदाको सञ्चालन, व्यवस्थापन वा र संरक्षणका लागि सम्झौता गरेको हो, सोही प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ ।

७. प्रथम पक्षले पर्यटन पूर्वाधार वा सम्पदाको व्यवस्थापनका सम्बन्धमा दोस्रो पक्षलाई निर्देशन दिन सक्नेछ, उक्त निर्देशनको पालना दोस्रो पक्षको कर्तव्य हुनेछ।

८. कावु बारिहको परिस्थिति परी पर्यटन पूर्वाधार वा सम्पदाको संरक्षण गर्न बाधा परेमा वा समयमा बुझाउनुपर्ने किस्ता रकम बुझाउन दोस्रो पक्ष असमर्थ भएमा प्राविधिक प्रतिवेदनमा आधारमा पहिलो पक्षले आवश्यक निर्णय गर्न सक्नेछ ।

९. पर्यटन पूर्वाधार वा सम्पदाको व्यवस्थापनको समय सकिइ प्रथम पक्षलाई बुझाउनु अगावै पूर्वावत अवस्थामा ती पर्यटन पूर्वाधार वा सम्पदालाई पुर्याउने दायित्व दोस्रो पक्षको हुनेछ। दोस्रो पक्षले पर्यटन

बागमती प्रदेश सरकार
संस्कृति तथा पर्यटन मन्त्रालय
हेटौंडा, नेपाल

पूर्वाधार वा सम्पदाको पूर्ववत अवस्थामा नल्याएमा त्यसको मूल्याङ्कन गरी प्रथम पक्षले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

(नोट: माथि उल्लिखित शर्तहरु मन्त्रालयले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ ।)

प्रथम पक्ष

हस्ताक्षर :

नाम :

पद :

संस्थाको छाप :

साक्षीको नाम :

दोस्रो पक्ष

हस्ताक्षर :

नाम :

पद :

संस्थाको छाप :

साक्षीको नाम

इति २०७... महिना ...............रोज .....शुभम्

बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालय हेटौंडा, नेपाल

## अनुसूची-२

(दफा ६ संग सम्बन्धित)

**वागमति प्रदेश सरकार**

संस्कृति तथा पर्यटन मन्त्रालय

पर्यटन पूर्वाधार वा सम्पदा संचालन, संरक्षण तथा व्यवस्थापनका लागि पूर्वाधार हस्तान्तरण गर्दा निम्न कागजात संलग्न हुनु पर्नेछ ।

१. सम्बन्धित स्थानीय तह, संघ संस्थाको निवेदन
२. समितिको निर्णय
३. स्थानीय तहको हकमा कार्यपालिकाको निर्णय
४. निजी क्षेत्रको हकमा संस्था दर्ताको प्रमाणपत्र, कर-चुक्ता प्रमाणपत्र, प्यान तथा भ्याट दर्ता प्रमाण पत्र, तथा सम्बन्धित स्थानीय तहको सिफारिस
५. सञ्चालन तथा व्यवस्थापन कार्ययोजना
६. मन्त्रालयले तोकेका अन्य कागजातहरु